# ३ पुजारीहरुका राज्य

*यस अध्यायका मूल पदहरू:* १ पत्रुस २:१-३, हिब्रू ४:१२, १ पत्रुस २:४-८, यशैया २८:१६, प्रस्थान १९:३-६ र १ पत्रुस २:५,९,१०।

*यस अध्यायको स्मरण गर्नुपर्ने मूल सार पद:* **"तर परमेश्वरले तिमीहरूलाई उहाँका जनहरू हुन चुन्नुभएको थियो। तिमीहरू राजकीय पूजारीहरू हौ। तिमीहरू पवित्र राष्ट्र हौ। तिमीहरू परमेश्वरका विशेष धन हौ। तिमीहरू यी सबै थोकहरू हौ ताकि तिमीहरूले उहाँको प्रशंसा गर। अन्धकारबाट अचम्मको उज्यालोमा परमेश्वरले तिमीहरूलाई निकालेर ल्याउनुभएको छ।" (१ पत्रुस २:९ रूपान्तरित)।**

**यहूदीहरूको संस्कार, धर्म र इतिहासमा पत्रुस पूर्ण रूपमा भिजेको थियो भनेर उनको लेखले देखाउँछ।** उदाहरणमा उनले परमेश्वरका जनहरूलाई पवित्र राष्ट्र भनेर सम्बोधन गर्छन् (१ पत्रुस २:९ रूपान्तरित)। ती शब्दहरू प्रयोग गरेर पत्रुसले पौराणिक इस्राएलको इतिहासलाई वर्णन गर्दछन्। त्यही शब्दहरू प्रयोग गरेर उनले नयाँ करारको चर्चको पनि चित्रण गर्दछन्।

किन नगर्ने त? यहूदी जात भन्दा बाहिरका मानिसहरू र विदेशी विश्वासीहरू येशूमा यहूदी विश्वासीहरूसँग एक हुन पुगेका थिए। जातजातिको नाउँमा एक आपसमा अलग रहेका मानिसहरू येशूको नाउँमा एकै थलोमा मिलेर आराधना गरेका थिए। येशूमा एक हुनु भनेको के हो भनेर बुझाउन बाइबलले विशेष शब्दलाई प्रयोग गर्दछ। बाइबलमा प्रयोग गरेको त्यो शब्द रोमीको पुस्तकमा पाइन्छ। त्यो शब्द हो "कलमी वा गाभिएको"। दुई थरीका बिरुवाहरूलाई जोड्न वा एउटै बनाउन बिरुवाहरूको कलमी गरिन्छ। त्यसकारण नयाँ विश्वासीहरू परमेश्वरका जन यहूदीहरूसँग गाभिन पुगेका छन्। अब आएर अयूदी वा अन्य जाति विश्वासीहरू पनि पुरानो करारमा दिएका प्रतिज्ञाहरू जुन् यहूदीहरूको निम्ति थियो, तिनीहरूले पनि उपभोग गर्न पाउने भएका छन् (रोमी ११:१७,१८)।

येशूका विश्वासी पाठकवर्गहरू परमेश्वरका चुनिएका जनहरू हुन् भनेर यस अध्यायमा उल्लेख गरिएका पदहरूबाट पत्रुसले याद दिलाउँछन्। तिनीहरूको जिम्मेवारी पवित्र छ र तिनीहरूको बोलाहत उच्च छ भनेर पत्रुसले तिनीहरूलाई औँल्याउँछन्। अलिव अर्थात् जैतुनको रूखमा अर्को बिरुवा

कलमी गरेर गाभिएको जस्तै तिनीहरू पनि परमेश्वरका जनहरूमा गाभिएका छन्। जैतुनको रूख येशूको प्रतीक हो। पुरानो करारका इस्राएलीहरूमा भएका केही जिम्मेवारीहरू नयाँ विश्वासीहरूमा पनि लागु हुन्छ। ती जिम्मेवारीहरूमा येशूले हामीहरूको पापबाट हामीलाई उद्धार गर्नुहुन्छ भनेर अरूलाई भन्ने महान् सत्य एक हो। हामीलाई अनन्त जीवन दिने येशू नै हुनुहुन्छ भनेर त्यस सन्देशले ठोकुवा गर्दछ।

## १. नामधारी नभएर यथार्थमा इसाई जीवन बिताउनु (१ पत्रुस २:१-३)

पहिलो पत्रुस २:१मा पत्रुसले "त्यसकारण" भन्ने शब्द प्रयोग गरेर आफ्नो भनाई अगाडि सार्दछ। "त्यसकारण"को अर्थले अगाडि जे भनिएको छ त्यसको परिमाणबाट आएको हो भनेर ठान्नुपर्दछ। हाम्रो निम्ति येशूले के गर्नुभयो सो प्रभावकारी रूपमा पत्रुसले व्याख्या गरेको १ पत्रुस १मा हामीले हेर्‍यौं। ख्रीष्टले हामीलाई दिनुभएको मुक्तिको बरदानलाई हामीले कसरी ग्रहण गर्ने भनेर १ पत्रुस १मा पत्रुसले सिकाउँदछन्। अर्को अध्यायमा पत्रुसले त्यही विषयलाई अगाडि बढाउँछन्।

**यदि हामी इसाई भनेर दावी गर्छौं वा येशूको मायाको स्वाद हामीहरूले पाएका छौं भने हामीहरूको जीवनले कसरी देखाउनुपर्छ भनेर १ पत्रुस २:१-३ले कसरी बताउँछ? हेर्नुहोस् "१ यसकारण सबै दुष्टता, सबै छल-कपट र ईर्ष्या, र सबै निन्दाहरूलाई त्याग। २ नयाँ जन्मेका बालकहरूजस्तै शुद्ध आत्मिक दूधको तृष्णा गर, र त्यसबाट तिमीहरू आफ्नो मुक्तिमा बढ्दैजान सक्नेछौ। ३ किनकि प्रभु कृपालु हुनुहुन्छ भन्ने कुराको स्वाद तिमीहरूले पाएका छौ।"**

प्रत्येक येशूभक्तबाट परमेश्वरले के अपेक्षा गर्नुभएको छ भनेर पत्रुसले दुई फरक तरिकाले शब्दचित्रहरू प्रयोग गरेर हामीलाई सिकाउन चाहन्छन्। प्रथमतः हामीमा भएका ख्रीष्टनीतिभन्दा बाहिरका दुर्गुणहरूलाई हटाउनुपर्दछ। दोस्रोमा येशूभक्तहरूले आफूहरू जिउनञ्जेल यस्ता सकारात्मक कामहरू गर्नुपर्छ जसले परमेश्वरको महिमा हुन्छ वा उहाँको स्वभावलाई प्रतिबिम्ब गर्दछ।

अरूलाई हानी गर्ने चाहनालाई फ्याँक वा त्याग भनेर पत्रुसले प्रथम् शब्दचित्रले येशूभक्तहरूलाई प्रबल आग्रह गर्दछन्। येशूभक्तहरूले अरूहरूप्रति झुट्टा व्यवहार गर्दैनन त देखावटी रूपमा धर्मको लुगा लगाएर आफू इसाई हुँ भनेर भ्रममा पार्दछ। तिनीहरू सत्य बोलेर सत्यवादी हुन्छन्। आफूसँग भएको भन्दा अरूसँग धेरै भयो वा अरूको धेरै फलिफाप भयो भन्दैमा कुनै पनि सत्य

इसाईले उसको डाहा वा ईर्ष्या गर्दैन। बरू तिनीहरूको आफ्नो जीवनमा संतुष्ट रहन्छन्। परमेश्वरले तिनीहरूलाई जहाँ जहाँ राख्नुहुन्छ त्यहाँ त्यहाँ तिनीहरू सफल हुन्छन्। साथै अरूको असल नाउँलाई कलङ्क लगाउने कुनै पनि शब्दहरू सत्य येशूभक्तहरूले प्रयोग गर्दैनन्।

दोस्रो, शब्दचित्रमा पत्रुसले दुधको निम्ति भोको रहने वा चाहना गर्ने बालकसँग येशूभक्तको तुलना गर्दछन् (१ पत्रुस २:२)। यसले येशूभक्तहरूले जिउनुपर्ने सकारात्मक पक्षलाई चित्रण गर्दछ। आखिरमा इसाई जीवन केवल नराम्रो चिजहरूलाई त्याग्नेमात्र होइन। त्यस्तो खालको जीवन नियास्रो वा रित्त जीवन हुन सक्छ। तर येशूभक्तको जीवनले आत्मिक खानाहरू खान तिब्र चाहना गर्दछ। जसरी भोकाएको बालकले आफ्नो आमाबाट दुध खान ठूलो स्वरले रुँदछ त्यसरी नै आत्मिक खुराक खान प्रत्येक येशूभक्तले तिब्र चाहना गर्नुपर्दछ।

त्यस आत्मिक खानाको स्रोत के हो भनेर पत्रुसले आफ्ना पाठक वर्गहरूलाई औंल्याउँछन्। त्यो हो, बाइबल। यो परमेश्वरको वचन हो। जब हामी परमेश्वरका वचनहरू पढ्छौं वा खान्छौं तब हामी आत्मिक रूपमा बढ्दछौं। यसले हामीहरूलाई आध्यात्मिक व्यक्ति बनाउँछ। कुन ठिक र कुन बेठिक हो भनेर भिन्नता देखाउने आदर्श स्रोत बाइबल नै हो। (हेर्नुहोस् देहायका पदहरूः हिब्रू ४:१२ "१२ किनकि परमेश्वरको वचन जीवित र क्रियाशील हुन्छ, र कुनै पनि दुईधारे तरवारभन्दा बढ़ी धारिलो हुन्छ। यसले प्राण र आत्मालाई त्यसका जोर्नी-जोर्नी र हाड़को गुदीसम्मलाई भाग-भाग पारुञ्जेल वारपार छेड्ने र हृदयका विचार र इच्छा जाँच्न सक्ने हुन्छ।",मत्ती २२:२९ "२९ येशूले तिनीहरूलाई जवाफ दिनुभयो, "तिमीहरू भ्रममापरेका छौ, किनकि तिमीहरू धर्मशास्त्र र परमेश्वरको शक्ति जान्दैनौ।" र २ तिमोथी ३:१५-१७ "१५ तिमी बाल्यकालदेखि पवित्र-धर्मशास्त्रसँग परिचित छौ, जसले ख्रीष्ट येशूमा भएको विश्वासद्वारा मुक्तिको निम्ति तिमीलाई शिक्षा दिन सक्छ। १६ सम्पूर्ण पवित्र-शास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो, र यो सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई, धार्मिकतामा तालीम दिनलाई लाभदायक हुन्छ, १७ ताकि परमेश्वरको जन हरेक सुकर्ममा पूर्ण रूपले सुसज्जित भई सिद्ध भएको होस्।")।

येशूको बारेमा स्पष्ट, सिद्ध र पूरा चित्रण केवल बाइबलले मात्र गरेको पाइन्छ। परमेश्वर को हुनुहुन्छ भनेर उहाँको उच्च आदर्श स्वभावलाई महान् उदाहरण भएर हामीहरूलाई देखाउने येशू नै हुनुहुन्छ। सनातन सृष्टिकर्ता

पवित्र परमेश्वरको सेवा कसरी गर्ने र उहाँलाई कसरी प्रेम गर्ने भनेर येशूले नै हामीहरूलाई देखाउनुहुन्छ।

**परमेश्वरको वचन हामीहरूले खाइरहनुपर्छ। परमेश्वरको वचनलाई आत्मसात् गरिरहँदा हामीहरूमा भएका हानीकारक तत्वहरूलाई फ्याँक्न वा त्यसको पछि लाग्नबाट रोक्दछ भनेर पत्रुसले किन भन्दछन्?**

## २. जीवित चट्टान (१ पत्रुस २:४-८)

**१ पत्रुस २:४-८मा पत्रुसले एक अत्यन्त महत्त्वपूर्ण सत्यलाई सम्बोधन गरेका छन्। त्यो सत्य आत्मज्ञान थाहा पाएर येशूप्रति हामीहरूको मनस्थिति कस्तो हुनुपर्छ भनेर पत्रुसले व्यक्त गर्दछन्? येशूको बारेमा त्यो ज्ञान थाहा पाएर हामीहरूले हामीहरूको जीवनलाई कसरी संचालन गर्ने? हेर्नुहोस्ः "४ प्रभुकहाँ आओ। उहाँ मानिसले काम नलाग्ने भनी पन्छाएको तर परमेश्वरले रोज्नुभएको अनमोल जीवित पत्थर हुनुहुन्छ। ५ तिमीहरू पनि जिउँदा ढुङ्गाहरू भएर आओ र आत्मिक मन्दिर बनाउन आफैंलाई सुम्पिदेओ। त्यहाँ तिमीहरू येशू ख्रीष्टको नाताले गर्दा परमेश्वरलाई मनपर्दो आत्मिक बलिदान चढाउने पवित्र पूजाहारीको काम गर्नेछौ। ६ धर्मशास्त्रले भन्छ, "हेर! मैले छानेको धेरै मोलको मूल ढुङ्गा सियोनमा राखेको छु। उहाँमा विश्वास गर्ने कहिल्यै निराशामापर्नेछैन।" ७ विश्वास गर्ने तिमीहरूको लागि यो ढुङ्गा अनमोल हो। विश्वास नगर्नेको लागि त यो ढुङ्गो यस्तो छ, "डकर्मीहरूले काम लाग्दैन भनेको ढुङ्गा मूल-ढुङ्गा भयो। ८ धर्मशास्त्रले भन्छ, "यही नै मानिसहरूलाई ठेस लाग्ने ढुङ्गा हो। यही पत्थरले गर्दा धेरै जना लड्नेछन्। परमेश्वरको वचन तिनीहरूले विश्वास नगरेकाले ठेस खानेछन्। तिनीहरूको निम्ति यस्तै तोकिएको थियो।" (थप पदहरू पनि हेर्नुहोस्ः यशैया २८ः१६ "१६ अब सार्वभौम परमप्रभु यसो भन्नुहुन्छ, "म सियोनमा एउटा दह्रिलो र बलियो जग बसाल्दै छु। त्यसका एक कुनामा एउटा खँदिलो ढुङ्गा राख्दै छु। त्यस ढुङ्गामा यी शब्द लेखिएका छन्, "दह्रिलो विश्वास गर्ने अकमकिनेछैन।", भजन ११८ः२२ "२२ घर बनाउनेहरूले बेकामको भनेर फ्याँकेको ढुङ्गाचाहिँ शिर-ढुङ्गा भएको छ।" र यशैया ८ः१४,१५ "१४ मेरो अति पवित्रताले गर्दा म ठेस लाग्ने ढुङ्गाजस्तो छु। म यहूदा, इस्राएल र यरूशलेमका मानिसहरूलाई फसाउने पासोजस्तो छु। १५ धेरैलाई ठेस लाग्नेछ। तिनीहरू लडेर चकनाचुर हुनेछन्। तिनीहरू पासोमापर्नेछन्।"**

पत्रुसले आफ्ना पाठकहरूलाई आत्मिक खानाको निम्ति भोकाऊ भनेर आफ्नो चाहना व्यक्त गर्दछन्। अनि त्यसको लगत्तै पत्रुसले तिनीहरूको ध्यान येशू ख्रीष्टतिर आकर्षित गर्दछन्। येशू "जीवित पत्थर" हुनुहुन्छ। जब पत्रुसले

“पत्थर" भन्ने शब्द प्रयोग गर्दछन् उनले येरुशलेमतिर लक्षित गरेर सम्बोधन गरेको हुनुपर्छ। १ पत्रुस २:४-८मा पत्रुसले पुरानो करारबाट तिन पदहरू उद्धृत गर्दछन्। ती पदहरूले कुनो ढुँगोको महत्त्वको बारेमा चर्चा गर्छन्। कुनो ढुँगोको शब्दचित्रले चर्चको निम्ति येशूले गर्ने कामको बारेमा चित्रण गर्छ।

परमेश्वरको आत्मिक घरको कुनो ढुँगो वा आधारशीला हुन परमेश्वरले येशूलाई चुन्नुभएको थियो भनेर पत्रुसले औंल्याउँछन्। येशूभक्तहरू पनि जीवित पत्थरहरू हुन् जुन आत्मिक घर निर्माण गर्न प्रयोग गरिएका छन्। चर्च येशूमा निर्माण गरिएको हो। तर उहाँलाई पछ्याउनेहरू समेटेर मिलेर बनिएको चर्च आत्मिक घर हो।

यो पनि थाहा पाइ राख्न जरुरी छ कि जब कोही मानिस इसाई हुन्छ भने त्यो अलग बस्नको लगि होइन तर इसाई समाज वा स्थानिय चर्चको एक भाग हुनको निम्ति हुन्छ। इँटाको उदाहरणले त्यस कुरालाई स्पष्ट पार्दछ। जसरी एउटा एउटा इँटाहरू मिलेर ठूलो भवन बन्छ त्यसरी नै एक एक विश्वासी मिलेर चर्चको ठूलो समूदाय बन्छ। अलग बसेर येशूको उपासक बन्न तिनीहरूलाई बोलाइएको होइन। परमेश्वरको राज्यको निर्माण गर्न इसाईहरू अरू इसाईहरूसँग मिलेर परमेश्वरको आराधना गर्नुपर्छ र सेवा गर्नुपर्छ। किन त? इसाईहरू येशूमा बप्तिस्मा लिएका हुन्छन्। त्यसको अर्थ ख्रीष्टमा बप्तिस्मा लिनु भनेको अर्थ इसाईहरू उहाँको चर्चमा गाभिनको निम्ति सबै जना एकै तरिकाले बप्तिस्मा लिन्छन। चर्चको लक्ष्य के हो भनेर पनि पत्रुसले चर्चा गर्छन्। चर्च, पवित्र पुजारीहरू मिलेर बनेको हुनुपर्छ। ती पवित्र पुजारीहरू मिलेर आत्मिक बलिहरू चढाउँछन्। चर्च पवित्र पुजारीहरूको थलो वा समूह हो भनेर उनले भन्दछन् (१ पत्रुस २:५)। ती पवित्र पुजारीहरूले आत्मिक बलिका विधिहरू चढाउँछन्। हिब्रू बाइबलमा पुजारीहरूको काम मध्यस्थकर्ता थियो। परमेश्वर र उहाँका जनहरूको बीचमा तिनीहरूले सहजकर्ता भएर काम गर्दथे। पत्रुस र नयाँ करारले "मन्दिर" र "पुजारीहरू" भन्ने शब्दहरू प्रयोग गर्दछन्। चर्च परमेश्वरको जीवित मन्दिर हो र उहाँका जनहरू पुजारीहरू हुन् भनेर देखाउन ती शब्दहरू प्रयोग गरेका हुन्। पत्रुसले पुरानो करारको पूजा गर्ने बिधिलाई औंल्याउँछन्। ती विधिहरूलाई अध्ययन गरेर आजका इसाईहरूले कसरी आफ्नो कर्तव्य पालन गरेर जिउन र येशूका नीतिहरू व्यवहारमा लागु गर्न सक्छन्।

**१ पत्रुस २:५मा "आत्मिक बलिहरू चढाउनुपर्छ" भनेर उल्लेख गरिएको छ। हेर्नुहोस् फेरि "५ तिमीहरू पनि येशू ख्रीष्टद्वारा परमेश्वरको दृष्टिमा ग्रहणयोग्य आत्मिक बलिदान चढ़ाउने पवित्र पूजाहारीगिरीको निम्ति जीवित पत्थरहरूझैं आत्मिक घर बन्दैजाओ।" येशूभक्त हुँ भनेर दावी गर्नेहरूले बलिहरू कसरी चढाउने?**

## ३. करार अर्थात् प्रतिज्ञाका जनहरू (उत्पत्ति १७:१-४)

पुरानो करारलाई धेरै सोचेर पत्रुसले लेख्दछन्। परमेश्वर र मानिसहरूको बीचमा भएको सम्झौता वा करारको धारणा पुरानो करारमा महत्त्वपूर्ण थियो।

"करार" भन्ने शब्द हिब्रू शब्दको *berit* (बेरिट) बाट आएको हो। यो दुई समूहको बीचमा भएको कानुनी सम्झौता हो। दुई व्यक्तिहरूको बीचमा (उत्पत्ति ३१:४४) वा दुई राजाहरूको बीचमा पनि करार बाँधिन्छ। (उदाहरणमा हिराम र राजा सोलोमनको बीचमा सन्धी सम्झौता भएको १ राजा ५:१०-१२मा यसरी उल्लेख गरिएको छ " १० यसरी सोलोमनले चाहेका सबै देवदारु र सल्लाका मूढ़ाहरू हीरामले पठाइदिए, ११ र सोलोमनले चाहिं उनका घरानालाई खानका निम्ति पचास हजार मुरी गहूँ र साढ़े चार हजार लिटर कुटेको भद्राक्षको तेल हीरामलाई पठाए। सोलोमनले यो वर्षैपिच्छे हीरामलाई पठाइदिए। १२ आफूले प्रतिज्ञा गर्नुभएबमोजिम परमप्रभुले सोलोमनलाई बुद्धि दिनुभयो। हीराम र सोलोमनका बीचमा शान्तिको सम्बन्ध थियो, र ती दुवैले सन्धि बाँधे।" यसमा बेरिट शब्दलाई सन्धी भनेर अनुवाद गरिएको छ। वा राजा र जनताहरूको बीचमा पनि सम्झौता वा करार बाँध्न सकिन्छ (२ समूएल ५:३)।

तर अरू कराररहरूमा एक करार उल्लेखनीय वा धरोहरको रूपमा खडा भएको छ। यो करार परमेश्वर र उहाँका चुनिएका मानिसहरूको बीचमा गरिएको सम्झौता हो।

**देहायका पदहरूमा परमेश्वरले इस्राएलीहरूसँग गरेको करारको बारेमा के भन्दछ? हेर्नुहोस्ः उत्पत्ति १७:१-४ " १ जब अब्राम उनान्सय वर्षका भए तब परमप्रभु अब्रामकहाँ देखा पर्नुभयो, र तिनलाई भन्नुभयो, "म सर्वशक्तिमान् परमेश्वर हुँ। मेरो सामु हिंड्, र निर्दोष भएर बस्। २ मेरो र तिम्रो बीचमा म आफ्नो करार पक्का गर्नेछु, र म तिम्रो अत्यन्तै वृद्धि गराउनेछु।" ३ तब अब्राम घोप्टो परे, र परमेश्वरले तिनलाई यसो भन्नुभयो, ४ "हेर्, यो मेरो करार तिमीसँगै छ। तिमी असंख्य जाति-समूहको पिता हुनेछौ।", प्रस्थान २:२३-२५ " २३**

**धेरै दिन बितेपछि मिश्रका राजा मरे। इस्राएली जातिले दासत्वको कारण सुस्केरा हालेर पुकारा गर्न लागे। दासत्वको बन्धनमा तिनीहरूले गरेको पुकारा परमेश्वरकहाँ पुग्यो। २४ परमेश्वरले तिनीहरूको सुस्केरा सुन्नुभयो, र अब्राहाम, इसहाक र याकूबसित गर्नुभएको आफ्नो करार सम्झनुभयो। २५ यसैले परमेश्वरले इस्राएलीहरूमाथि नजर राख्नुभयो, र उहाँ तिनीहरूको अवस्थामा चिन्तित हुनुभयो।" र प्रस्थान २४:३-८ " ३ जब मोशाले गएर परमप्रभुका सबै कुरा र विधिविधानहरू मानिसहरूलाई सुनाए, तब तिनीहरू सबैले एकै स्वर गरी भने, "परमप्रभुले भन्नुभएका सबै वचनहरू हामी पालन गर्नेछौं।" ४ तब मोशाले परमप्रभुका सबै वचनहरू लेखे। बिहान सबेरै उठेर मोशाले पर्वतको पल्लो छेउमा एउटा वेदी बनाएर इस्राएलका बाह्र कुलअनुसार बाह्र वटा ढुङ्गाका खम्बा उभ्याए। ५ तब तिनले इस्राएलका जवानहरूलाई पठाए, र तिनीहरूले परमप्रभुको निम्ति होमबलि र साँढ़ेहरूको मेलबलि चढ़ाए। ६ मोशाले आधा रगत लिएर कचौरामा हाले, र आधा रगतचाहिँ वेदीमा छर्के। ७ त्यसपछि तिनले करारको पुस्तक लिएर मानिसहरूका सामुन्ने पढ़े। तिनीहरूले जवाफ दिए, "परमप्रभुले भन्नुभएका सबै कुरा हामी गर्नेछौं र आज्ञाकारी हुनेछौं।" ८ तब मोशाले रगत लिएर मानिसहरूमाथि छर्के, र भने, "हेर, यो त्यस करारको रगत हो, जो परमप्रभुले आफ्ना यी सबै वचनअनुसार तिमीहरूसित बाँध्नुभएको छ।"**

**परमेश्वरले** अब्राहमसँग गर्नुभएको करार बाइबलको प्रथम पुस्तकले बताउँदछ (उत्पत्ति १५:९-२१, उत्पत्ति १७:१-२७)। जब उहाँका जनहरूलाई इजिप्टबाट उद्धार गर्नुभएको थियो त्यसबेला परमेश्वरले त्यो करार सम्झनुभएको थियो (प्रस्थान २:२४)। इस्राएलीहरूलाई परमेश्वरले दश आज्ञा र अरू व्यवस्थाहरू दिनुभएको बेलामा त्यस करारको पुनःनविकरण गर्नुभएको थियो (प्रस्थान १९:१-२४:८ बिशेष गरेर प्रस्थान २४:३-८)।

तर परमेश्वरको प्रतिज्ञाका करारहरू शर्तहरूमा आउँछन्। "परमेश्वरले उहाँका जनहरूसँग सम्झौता गर्नुभएको थियो। त्यो सम्झौतालाई कार्यान्वन गरिरहन मानिसहरू परमेश्वरप्रतिको निष्ठामा रहनु जरुरी थियो। मानिसहरूले उहाँका शर्तहरू पालन गर्नु आवश्यकता थियो। अनि तिनीहरूका परिवार र तिनीहरूको सबै सम्पत्तिहरूलाई उहाँले आशिष दिनुहुन्थ्यो। साथै तिनीहरूका हातका सबै कामहरूलाई उहाँले आशिष दिनुहुन्थ्यो।"-एलेन जी ह्वाइट, टेस्टिमोनिज फर द चर्च, ठेली २, पृ. ५७४बाट रूपान्तरित।

परमेश्वरले गर्नुभएको करारमा उहाँका जनहरूलाई उहाँले आशिष दिने प्रतिज्ञा गरिएको थियो। तर तिनीहरूले उहाँका व्यवस्थालाई पालन गरेमात्र

परमेश्वरले आशिष दिनुहुन्थ्यो। साथै करारमा नाश हुने कुराको बारेमा पनि चेतावनी दिएको थियो। तर ती चेतावनीहरू परमेश्वरका करारलाई भङ्ग गर्नेहरूको निम्तिमात्र थियो।

**परमेश्वरसँग करार बाँधेर सम्बन्ध राख्नु भनेको के हो? परमेश्वरसँग सम्बन्ध राख्दा कुन विशेष शर्तहरू अनुसार तपाईं चल्नुपर्ने हुन्छ?**

## ४. पुजारीहरूको राज्य (१ पत्रुस २:५,९,१०)

**प्रस्थान** १९:३-६मा परमेश्वरले मोशासँग बोल्नुहुन्छ। उहाँले भन्नुहुन्छः "मेरा मानिसहरूलाई यो कुरा भन भनेर तिमीलाई अऱ्हाउँछु। ती मानिसहरू याकूबका घरानाहरू हुनुपर्छ। इस्राएलीहरूलाई भन, "मैले इजिप्ट अर्थात् मिश्रदेशमा के गरें सो तिमीहरू आफैले प्रत्यक्षरूपमा देखेका छौ। मैले तिमीहरूलाई चीलको पखेटामा बोकेर ल्याएको जस्तै बोकेर मतिर ल्याएँ। अब मेरा बचनहरू पूर्णतरिकाले पालन गर। मेरो करारलाई पालन गर। यदि तिमीहरूले मेरा वचनहरू पालन गरेर मेरो करारमा रहिरह्यौ भने तिमीहरू सारा राष्ट्रहरूमा मेरो बिशेष मूल्यवान सम्पत्ति हुनेछौ। सारा पृथ्वी मेरै हो। तर तिमीहरूले मेरो सेवा गर्न पुजारीहरूको राज्य हुनेछौ। तिमीहरू मेरो पवित्र राष्ट्र हुनेछौ।" यो वचन तिमीले इस्राएलीहरूलाई भन्नैपर्छ।" (रूपान्तरित)।

सुसमाचारको सन्देश हामीले यसमा पाउँछौं। क्रुसको हजारौं वर्ष पहिले त्यो सन्देश देखाइएको थियो। त्यस सन्देशको मूल सार होः परमेश्वरले मानिसहरूलाई मुक्ति दिनुहुन्छ वा उद्धार गर्नुहुन्छ। उहाँले उहाँका जनहरूलाई पापबाट र पापको दासत्वबाट बचाउनुहुन्छ। अनि उहाँको वचनहरू पालन गर्न र उहाँलाई प्रेम गर्न उहाँले जिकिर गर्नुहुन्छ, किनभने अब तिनीहरू परमेश्वरका करार बाँधेका विशेष जनहरू भएका थिए। सारा संसारको सामु तिनीहरू उहाँको साक्षी भएर बस्नेछन्।

**प्रस्थान १९:६समेत गरेर १ पत्रुस २:५, ९,१० पढ्नुहोस्। ती पदहरूमा पत्रुसले येशूभक्त वा इसाई हुँ भनेर दावी गर्नेहरूलाई "राजकीय पुजारी" र "पवित्र राष्ट्र" भनेर सम्बोधन गरिएको छ। हामी सेभेन्थ-डे एडभेन्टिस्ट इसाईहरूलाई त्यस सम्बोधनले सारा संसारको सामु परमेश्वरको निम्ति कुन जिम्मेवारहरू वहन गर्न आह्वान गरिएको छ? हेर्नुहोस्ः "६ तिमीहरू मेरो निम्ति पूजाहारीहरूको एक राज्य र एक पवित्र जाति हुनेछौ'। इस्राएलीहरूलाई तिमीले भन्नुपर्ने कुरा यी नै हुन्।" (प्रस्थान १९:६) र "५ तिमीहरू पनि येशू ख्रीष्टद्वारा परमेश्वरको दृष्टिमा ग्रहणयोग्य आत्मिक बलिदान चढ़ाउने पवित्र पूजाहारीगिरीको निम्ति जीवित पत्थरहरूझैं आत्मिक घर**

**बन्दैजाओ।...९ तर तिमीहरू त चुनिएका वंश, राजकीय पूजाहारीगिरी, पवित्र जाति, परमेश्वरका निजी प्रजा हौ। उहाँले तिमीहरूलाई अन्धकारदेखि उहाँका उदेकको ज्योतिमा ल्याउनुभयो, ताकि तिमीहरू उहाँका आश्चर्यपूर्ण कार्यहरूको घोषणा गर्न सक। १० एक पल्ट तिमीहरू प्रजा थिएनौ, तर अब तिमीहरू परमेश्वरका प्रजा भएका छौ। एक पल्ट तिमीहरूले कृपा पाएका थिएनौ, तर अब तिमीहरूले कृपा पाएका छौ।" (१ पत्रुस २:५,९-१०)।**

**"पवित्र राष्ट्र", "राजकीय पुजारीहरू" र "परमेश्वरका आफ्नै जनहरू" भनेर जब** परमेश्वरका जनहरूलाई सम्बोधन गरिन्छ त्यो अत्यन्त सम्माननीय भएको मान्नुपर्छ। अब्राहमको सन्तानसँग परमेश्वरको विशेष सम्बन्ध भएको व्याख्या गर्न ती शब्दहरू प्रयोग गरिएका हुन्। अब येशू र क्रुसको प्रसङ्ग जोडेर पत्रुसले त्यी शब्दहरू प्रयोग गर्दछन्। चर्चका सदस्यहरू को हुन् भनेर स्पष्ट पार्न पत्रुसले ती शब्दहरू प्रयोग गरेका हुन्।

ती करारका प्रतिज्ञाहरू ती इस्राएलीहरूसँग बाँध्नुभएको थियो जो येशूलाई विश्वास गर्ने यहूदीहरू थिए। र अब्राहमका सन्तान नभएका अरू जाति विश्वासीहरूलाई पनि त्यही करार लागु भएको पत्रुसले जनाउँछन्। अब आएर येशू खीष्टद्वारा अन्यजातिहरू पनि अब्राहमका सन्तान भनेर दावी गर्न सक्छन्। "तिमीहरू जो जो येशू खीष्टमा छौ तिमीहरू अब्राहमको सन्तान हौ। त्यसकारण जुन् प्रतिज्ञा अब्राहमका सन्तानलाई दिइएको थियो त्यो प्रतिज्ञा अन्य जाति वा अरू राष्ट्रका मानिसहरूले पनि दावी गर्न सक्छन्। "तिमीहरू येशू खीष्टद्वारा अब्राहमका सन्तान भएका छौ। त्यसकारण जुन प्रतिज्ञा परमेश्वरले गर्नुभएको थियो त्यो तिमीहरूले पनि पाउनेछौ" (गलाती ३:२९ रूपान्तरित)। येशू खीष्टद्वारा जो कोही पनि "राजकीय पुजारीहरू"को समूहमा सम्मिलित हुनसक्छ। अर्थात् तिनीहरू त्यस समूहमा सम्मिलित हुन कोही पनि यहूदी हुन आवश्यक छैन।

***पवित्र जाति? राजकीय पुजारीहरू?*** **ती शब्दहरूलाई हामीले पनि आत्मसात् गर्दा व्यक्तिगत तवरमा चर्चकै नाताले हामीहरूले कस्तो जीवन अपनाउनुपर्छ भनेर हामीलाई देखाउँछन्? परमेश्वरले बोलाउनुभएको उच्च स्थानमा हामी रहन अझ कस्तो राम्ररी जिउनुपर्छ?**

## ५. परमेश्वरको प्रशंसा गर्ने (१ पत्रुस २:१०)

नयाँ करारको चर्च पुरानो करारको चर्च अर्थात् परमेश्वरको आराधना गर्ने थलो जस्तै हो। दुवै चर्चहरूले मुक्तिको बारेमा सत्य ज्ञान पाएका थिए। र दुवै चर्चहरू परमेश्वरले चुन्नुभएको थियो र उहाँको आराधना गर्न बोलाइएको

थियो। हामीले सोच्नुपर्ने जिज्ञासा त यो छ, *के को लागि अलग हुन बोलाइएको र के को लागि चुनिएको?* त्यसको जवाफ पत्रुसले झट्टै दिइहाल्छन्।

चर्च र परमेश्वरको बीचमा हुने विशेष सम्बन्ध एउटा निश्चित लक्ष्यको निम्ति हो भनेर पत्रुसले औँल्याउँछन्। "परमेश्वरको स्तुति तथा प्रशंसा गर्न। तिमीहरूलाई अन्धकारबाट उद्धार गरेर अचम्मको ज्योतिमा ल्याउनुभएको हो" (१ पत्रुस २:९ रूपान्तरित)। परमेश्वरको स्तुति प्रशंसा गर्ने काम गर्न पुरानो करारको इस्राएलीहरूलाई मूर्तिपुजक जातिहरूबाट अलग बोलाइएका थिए। सारा संसारमा परमेश्वरको निम्ति गवाही हुन तिनीहरूलाई बोलाइएको थियो। त्यो किनभने सारा संसारलाई उहाँको करारमा हिँडेको इस्राएलीहरूद्वारा आशिष दिने उहाँको लक्ष्य थियो।

**देहायका पदहरूले त्यस लक्ष्यलाई कसरी औँल्याइएको छ सो पढ्नहोस्: व्यवस्था ४:५-८ "५ हेर, परमप्रभु मेरा (मोशा) परमेश्वरले मलाई आज्ञा गर्नुभएबमोजिम तिमीहरूले अधिकार गर्ने देशमा यी सबै पालन गर्नलाई नै मैले तिमीहरूलाई यी विधिविधानहरू सिकाएको छु। ६ तिमीहरूले ती मान र पालन गर, किनकि यसैबाट अरू जातिहरूका अघि तिमीहरूका बुद्धिमानी र समझको प्रचार हुनेछ। यी सबै विधिहरू सुनेर उनीहरूले भन्नेछन्, "अवश्य यस महान् जातिका मानिसहरू खूबै बुद्धिमान् र समझदार रहेछन्" ७ हामीले उहाँलाई पुकारा गर्दा परमप्रभु हाम्रा परमेश्वर हाम्रो जति नजिक हुनुभएझैं ईश्वर यति नजिक भएको अरू कुनचाहिँ यति महान् जाति छ? ८ मैले तिमीहरूलाई आज दिने यो व्यवस्थाजस्तै धार्मिक विधिविधान भएको अरू कुनचाहिँ यति महान् जाति छ?", व्यवस्था २६:१६-१९ "१६ यी नै विधिविधान पालन गर्न भनी परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई आज आज्ञा दिनुहुन्छ। तिमीहरूले ती आफ्नो सारा हृदय र सारा प्राणले ध्यानसित पालन गर। १७ "परमप्रभु हाम्रा परमेश्वर हुनुहुन्छ, हामी उहाँका मार्गमा हिँड्नेछौं र उहाँका विधि, आज्ञा र विधानहरू मान्नेछौं, र उहाँको वचन पालन गर्नेछौं" भनी तिमीहरूले आज निश्चय गरेका छौ। १८ आज परमप्रभुले तिमीहरू उहाँको प्रतिज्ञाअनुसार आफ्नै प्रजा र उहाँको अमूल्य सम्पत्ति बनेका छौ र तिमीहरूले उहाँका सबै आज्ञाहरू पालन गर्नैपर्छ भनी घोषणा गर्नुभएको छ। १९ तिमीहरूलाई उहाँले बनाउनुभएका सबै जातिहरूलाई भन्दा बढ़ी प्रशंसा, सम्मान र कीर्ति दिनुहुनेछ, र उहाँको प्रतिज्ञाअनुसार तिमीहरू परमप्रभु आफ्ना परमेश्वरको निम्ति एक पवित्र जाति हुनेछौ भनी उहाँले घोषणा गर्नुभएको छ।", यशैया ६०:१-३ "१ "उठ्,**

**प्रकाशमान् हो, किनकि तिम्रो प्रकाश आएको छ, र परमप्रभुको महिमा तिमीमाथि उदाएको छ। २ हेर्, अँध्यारोले पृथ्वीलाई, र घोर अँध्यारोले मानिसहरूलाई ढाकेको छ, तर परमप्रभु तिमीमाथि चम्कनुहुन्छ, र उहाँको महिमा तिमीमाथि प्रकट हुन्छ। ३ जाति-जाति तिम्रो प्रकाशमा र राजाहरू तिम्रो प्रभातको ज्योतिमा आउनेछन्।" र जकरिया ८:२३ "२३ सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छ, "ती दिनमा सबै जाति-जातिबाट र सबै भाषा बोल्नेहरूमध्येबाट दश जना मानिसले एउटा यहूदीलाई लुगाको छेउ समातेर यसो भन्नेछन्, 'हामी तपाईंसितै जानेछौं, किनभने हामीले सुनेका छौं कि परमेश्वर तपाईंसित हुनुहुन्छ'।"**

सबै जातिहरूबाट अलग गरिएको इस्राएलीहरू परमेश्वरका करार बाँधिएका जनहरू थिए। सारा संसारमा सुसमाचार लिएर जाने तिनीहरूको काम थियो। येशूलाई विश्वास गर्छु भन्ने प्रत्येक इसाईको पनि त्यही दैविक काम वा बोलाहत हो। येशू ख्रीष्टद्वार परमेश्वरले संसारलाई के गर्नुभयो भनेर अरूहरूलाई जानकारी दिन तिनीहरूलाई परमेश्वरले बोलाउनुभएको छ।

**इसाईहरूको सारा काम र लक्ष्यको चरमबिन्दु के हो भनेर १ पत्रुस २:९,१०ले कसरी जिकिर गर्दछ? हेर्नुहोस्: "९ तर तिमीहरू त चुनिएका वंश, राजकीय पूजाहारीगिरी, पवित्र जाति, परमेश्वरका निजी प्रजा हौ। उहाँले तिमीहरूलाई अन्धकारदेखि उहाँका उदेकको ज्योतिमा ल्याउनुभयो, ताकि तिमीहरू उहाँका आश्चर्यपूर्ण कार्यहरूको घोषणा गर्न सक। १०** ***एक पल्ट तिमीहरू प्रजा थिएनौ, तर अब तिमीहरू परमेश्वरका प्रजा भएका छौ। एक पल्ट तिमीहरूले कृपा पाएका थिएनौ, तर अब तिमीहरूले कृपा पाएका छौ।*** **"**

सारा संसार पापको गहिरो खाल्डोमा झर्दैछ, मृत्युको निम्ति पर्खिरहेको छ र नाश हुन अग्रसर हुँदैछ। जुन नाउँ र सम्मान इस्राएलीहरूलाई दिइएको थियो त्यो इसाईहरूलाई दिइएको छः तिमीहरू राजकीय पुजारी र पवित्र राष्ट्र। पौराणिक इस्राएलीहरूले सम्मान पाएर जुन सम्बोधन गरिएको थियो त्यसमा तिनीहरूले जिम्मेवारी पनि बहन गर्नुपर्थ्यो। अरू मानिसहरूलाई हामीहरूको अग्रसरताद्वारा ख्रीष्टमा ल्याउने जिम्मेवारी प्रत्येक येशूभक्तको पनि हुन गएको छ।

१ पत्रुस २:१० अनुसार इसाईहरूको छुट्टै पहिचान छ। एक फेरा तिनीहरू परमेश्वरका जनहरू थिएनन्। अव परमेश्वरको दया तथा सदाशयताले तिनीहरू पवित्र जनहरू हुन गएका छन् (होशे १,२ पढ्नुहोस्)। बाइबलमा पवित्रको अर्थ परमेश्वरको आराधना र सेवा गर्न अलगै छुट्याइएको भनेर बुझाउँछ। त्यसकारण पवित्र राष्ट्र भएको कारणले इसाईहरू जीवित,

सनातन सृष्टिकर्ता परमेश्वरको उपासना गर्न अलग भएका हुन्। ती अलग राखिएको इसाईहरूले तिनीहरूको जीवनशैलीद्वारा तिनीहरू को हुन् भनेर सारा संसारको सामु देखाउनुपर्छ। चिसो रातमा तिनीहरू न्यानो आगो जस्तो हुनुपर्छ। तिनीहरूमा भएको आगोले अरूहरूलाई न्यानो बनाउन आकर्षित गर्नुपर्छ। त्यो तरिकाबाट, तिनीहरू आफैले नै अनुभव गरेको मुक्ति अरूहरूलाई बाँध्न परमेश्वरले इसाईहरूलाई अवसर दिनुभएको छ।

## उपसंहारः

**थप जानाकारीः** "परमेश्वरको आँखाको सामु चर्च अत्यन्त बहुमूल्य छ। चर्चलाई उहाँले अति मूल्यवान ठान्नुभएको छ। तर चर्च प्रख्यात भएको वा धनसम्पत्तिले सम्पन्न भएको कारणले वा शक्तिशाली भएकोले उहाँले चर्चलाई मूल्यवान ठान्नुभएको छैन। बरू, त्यसको गरिमामय पवित्रतालाई उहाले मूल्यवान ठान्नुभएको छ। चर्चमा भएको पवित्रताले संसारका अरू मानिस वा संस्कारबाट अलग राएको छ। परमेश्वरले चर्चको मूल्यतालाई दुई आधारले मान्नुभएको छ। प्रथमतः जब चर्चका सदस्यहरूले ख्रीष्टको ज्ञानमा बढिरहेको हुन्छ त्यसको आधारमा चर्चको मूल्यता भएको हुन्छ। दोस्रोमा, चर्चका सदस्यहरूको आत्मिक अनुभवमा कतिको उन्नति भइरहेको छ, त्यसको आधारमा परमेश्वरले चर्चको मूल्यताको मूल्याङ्कन गर्नुहुन्छ।

"आफ्नो बारी (चर्च)बाट येशू ख्रीष्टले निस्वार्थीपना र पवित्रताको फल उहाँलाई अर्पण गरेको भित्रिमनदेखि चाहना गर्नुहुन्छ। आफ्ना भक्तहरूद्वारा प्रेम र भलाई देखाइएको उहाँ हेर्न चाहनुहुन्छ। ख्रीष्ट्का प्रतिनिधिहरूले देखाएको दया र हितको सौन्दर्यताको नजिक संसारमा भएको कुनै पनि सुन्दर कला आउन सक्दैन। येशूका भक्तहरूको वरिपरि उहाँको अनुग्रहले घेरिरहेको हुन्छ। मानिसहरूको हृदय र दिमागमा पवित्र आत्माले काम गर्नुहुन्छ। र तिनीहरू जीवनको मगमग बास्ना आउने अत्तर हुन्छ (२ कोरन्थी २:१६ रूपान्तरित)। उहाँको अनुग्रह र पवित्र आत्माको बरदानद्वारा परमेश्वरले हामीसँग काम गर्नुहुन्छ। यसले गर्दा आफ्नो कामलाई परमेश्वरले आशिष दिन पाउनुहुन्छ।"-एलेन जी ह्वाइट, *क्राइस्ट अब्जेक्ट लेसनस्,* पृ. २९८बाट रूपान्तरित।

**चिन्तनमननः**

अ. अन्धकारबाट परमेश्वरको ज्योतिमा ल्याइनु भनेको कस्तो हो (१ पत्रुस २:९)। उपर्युक्तदको अर्थ के हो? येशूलाई विश्वास नगर्नेलाई यो पदको बारेमा व्याख्या गर्दा कसरी गर्नुहुन्छ? अन्धकारको अर्थ के हो? परमेश्वरको ज्योति भनेको के हो? पत्रुसले जे लेखे त्यो हेर्नुहोस्। उनको लेखमा अन्धकार र ज्योतिको अर्थ के हो? ती दुईको बीचमा के अन्तर छ?

आ. सेभेन्थ-डे एडभेन्टिस्टको निम्ति व्यवस्था ४:५-८ के हो? हामीलाई उहाले दिनुभएको सबै थोकहरूले गर्दा ती पदहरू हाम्रो निम्ति कसरी अर्थमूलक बन्न गएको छ? हेर्नुहोस्ः "५ हेर, परमप्रभु मेरा परमेश्वरले मलाई आज्ञा गर्नुभएबमोजिम तिमीहरूले अधिकार गर्ने देशमा यी सबै पालन गर्नलाई नै मैले तिमीहरूलाई यी विधिविधानहरू सिकाएको छु। ६ तिमीहरूले ती मान र पालन गर, किनकि यसैबाट अरू जातिहरूका अगि तिमीहरूका बुद्धिमानी र समझको प्रचार हुनेछ। यी सबै विधिहरू सुनेर उनीहरूले भन्नेछन्, "अवश्य यस महान् जातिका मानिसहरू खूबै बुद्धिमान् र समझदार रहेछन्" ७ हामीले उहाँलाई पुकारा गर्दा परमप्रभु हाम्रा परमेश्वर हाम्रो जति नजिक हुनुभएझैं ईश्वर यति नजिक भएको अरू कुनचाहिँ यति महान् जाति छ? ८ मैले तिमीहरूलाई आज दिने यो व्यवस्थाजस्तै धार्मिक विधिविधान भएको अरू कुनचाहिँ यति महान् जाति छ?"

इ. "अब तिमीहरूले परमेश्वर कस्तो असल हुनुहुन्छ भनेर स्वाद पाइसकेका छौ" भनेर पत्रुसले १ पत्रुस २ः३मा भनेको अर्थ के हो? के तपाईंले आफ्नो जीवनमा परमेश्वर कसरी असल हुनुभएको रहेछ भनेर स्वाद पाउनुभएको छ?

ई. तपाईंको स्थानीय चर्चको बारेमा सोच्नुहोस्। सेभेन्थ-डे एडभेन्टिस्ट वा हामीहरूको विश्वासको बारेमा केही थाहा नपाएकोहरूलाई त्यसको सदस्यहरूले कसरी आकर्षित गरिरहेका छन्?

जब म सुत्न लागेको थिएँ एक पछि फेरि ढोका ढकढक्याएकव सुनें। "गुरूवा फेरि आउनुहोस न, ओन-ओजो फेरि मरिन्!" ओन-ओजोकी आमाले रुँदै भनिन्। मलाई पत्यार नै नलागि ढोका खोलें र सोधें, "के भयो?"

"जब हामी सुतिरहेका थियौं, ओन-ओजोको बुबा आउनुभयो। उहाँले फेरि त्यो टुनामुना गरेका झारपातहरू फेरि ओन-ओजोमाथि राख्नुभयो होला।" उनले भनिन्।

ओन-ओजो मरेको कसैले चाहेको थियो। के उनको बुबाले उनी मरुन् भन्ने चाहेका थिए? उनको आमाले पनि हुनसक्छ। के म फेरि फर्केर प्रार्थना गर्न जाने? के परमेश्वरको नाउँले जस पाउला? ओन-ओजोकी आमाले मेरो सामु घुँडा टेकेर उनको घरमा आउन बिन्ति गरिन्। मैले ओन-ओजोको निम्ति प्रार्थना गरेको उनले चाहेकी थिइन्। त्यसकारण म फेरि गएँ।

ओन-ओजोको निम्ति मैले फेरि प्रार्थन गरें, र उनी फेरि बिउँतिइन्। यस समय ओन-ओजोलाई गाउँबाट अन्तै लान उनको आमालाई भनें। उनको आमाले हुन्छ भनेर उनले र ओन-ओजोको दाइले उनलाई अर्कै गाउमा आफन्तकहाँ लगे।

धेरै महिनापछि ओन-ओजो घरमा फर्केर आइन्। यसबेला उनी स्वस्थ र बलियो भएकी थिइन्। उनले बाइबल अध्ययन फेरि सुरू गरिन्। नौजना नयाँ विश्वासीहरूसँग उनले पनि बप्तिस्मा लिइन्। बप्तिस्मा लिएको दिनमा उनले आफ्नो नाउँ फेरेर आशिष भनेर नामाङ्करण गरिन्। आफूले नयाँ जन्म पाएको उनले आभास् पाउन चाहेकी थिइन्। मृत्युबाट पनि बचाउन सक्ने परमेश्वरको बलियो साक्षी भएर ओन-ओजो उनको गाउँमा बत्ती जस्तै भएर मानिसहरूको मनमा उज्यालो पारिरहेकी छिन्। आज भित्रि नाइजेरियामा रहेको ओन-ओजोको गाउँमा ७० जना विश्वासीहरू एक साधारण छाप्रोमा परमेश्वरको आराधना गरिरहेका छन्।

ओन-ओजोको कथा भित्री नाइजेरियाभित्र जताततै फैलिएको थियो र छिमेकी गाउँहरूका मानिसहरूमा पनि परमेश्वरको प्रेमको बारेमा सुनाउन त्यसले ढोका खोलेको थियो। ओन-ओजोको जीवनमा परमेश्वरको शक्तिले काम गरेको कारणले त्यस देशका धेरै मानिसहरूले तिनीहरूको प्यारो मित्र र मुक्तिदाता येशूको बारेमा जान्ने अवसर पाइरहेका छन्।

तपाईंहरूले दिने हप्ता हप्ताको भेटीको केही भाग विश्वभरी रहेका ग्लोबल मिशन पायोनियरको काममा सहयोगको लागि प्रयोग हुन्छ। प्रत्येक तीन तीन महिनामा विश्वभरी रहेका विभिन्न डिभिजनका विशेष प्रोजेक्ट वा आयोजनाको निम्ति तेऱ्हौं साबथको भेटी प्रयोग गरिन्छ। सन् २०१७को दोस्रो त्रैमासिकमा उठ्ने शब्बथ भेटी वेस्ट-सेन्ट्रल अफ्रिका डिभिजनको निम्ति प्रयोग गरिन्छ। नाइजेरियाको बाबुक विश्वविद्यालयमा विभिन्न उद्देष्यको निम्ति युवालय निर्माण गर्न र ग्याबोनमा रहेको नयाँ स्कुल सेन्ट्रल अफ्रिका युनियन मिसन एकेडेमी  निर्माण गर्न त्यस त्रैमासिकको भेटी प्रयोग गर्ने भएको हुनाले तपाईंहरूले हृदय खोलेर दिनुहुने भेटीको निम्ति हामी धन्यवाद दिन चाहन्छौं।

यस कथाको लेखक ओलानरिवजु ओगुनजबिल नाइजेरियाको ओयो भन्ने ठाउँबाट आएका हुन्। ग्रोबल मिसिन पायोनियरमा आफ्नो सेवाकार्य सकेपछि उनले नाइजेरियामा रहेको बाबुक विश्वविद्यालयमा थियोलोजी अर्थात् धर्मज्ञान अध्ययन गरेका थिए।